# माटो परिक्षण शिविर संचालन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# माटो परिक्षण शिविर संचालन कार्यविधि, २०७५

(प्रदेश सरकारको मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत)

पृष्ठभूमीः

विभिन्न वालीवस्तुहरु लगाउने माटोमा रहेका खाद्य तत्वहरु, अम्लिय तथा क्षारियपना, प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरुको आवश्यकता अनुरुप खाद्यतत्व आपूर्ति गर्न स्थलगत रुपमा कृषकहरुको खेतवारीको माटो परिक्षण सेवा उपलब्ध गराउन आवश्यक देखी प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा स्वीकृत विभिन्न स्थानहरुमा माटो परिक्षण शिविर संचालन कार्यक्रम कार्यान्वयनका लागि प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट "माटो परिक्षण शिविर संचालन कार्यविधि, २०७५ तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "माटो परीक्षण शिविर संचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(१) "माटो परीक्षण शिविर" भन्नाले खास ठाँउको माटोको समस्यालाई प्रस्टयाउन अभियानको रुपमा माटो परीक्षण शिविर संचालन भन्ने बुझ्नु पर्दछ।

३. उद्देश्यः

(१) माटोमा रहेका बिरुवाको खाद्यतत्व पहिचान,सम्वद्ध समस्याहरुको समाधान, प्राङ्गारिक श्रोतको प्रवर्द्धन गरी माटोको उर्वराशक्ति ब्यवस्थापन, बिरुवाको विकास र वृद्धिमा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउने ।

(२) कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु।

(३) स्थलगत रुपमा माटो विश्लेषण गरी ब्यवस्थापन सम्बन्धि प्रविधि सिफारिस गर्नु ।

सचिव

प्रमुख सचिव

## परिच्छेद - २

## कार्यक्रम सञ्चालन प्रकृया

४. यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कृयाकलापहरु संचालन गरिने छ ।

(१) माटो परिक्षण शिविर सम्वन्धी तालिम/अन्तरकृया

(२) माटो परिक्षण (१०० वटा नमूना)

(३) विरुवालाई चाहिने खाद्यतत्व, कृषि चुन तथा प्राङ्गारिक मल व्यवस्थापन

५. कार्यक्रम संचालन विधि

(१) कृषि ज्ञान केन्द्रले सम्वन्धित स्थानिय तहसँग समन्वय गरी कृपकहरुलाई कार्यक्रमवारे जानकारी गराई व्यवस्थापन गर्नुपर्दछ । साथै कार्यक्रम स्थल छनौट गर्दा कृषि चुन प्रयोग गर्न उत्साहित कृषक रहेको क्षेत्र छनौट गर्नु पर्नेछ । प्रति शिविर न्यूनतम १०० माटो नमूना परिक्षण गर्ने गरी शिविर संचालन गर्नु पर्नेछ ।

(२) माटो परिक्षण शिविरको संचालन माटो तथा मल परीक्षण प्रयोगशालासँगको समन्वयमा कृषि ज्ञान केन्द्रले गर्नेछ । माटो तथा मल परिक्षण प्रयोगशालाले पनि उपलब्ध वजेट र आवश्यकता अनुसार माटो परीक्षण शिविर संचालन गर्न सक्नेछ ।

(३) कृषि ज्ञान केन्द्रबाट संचालन हुने माटो शिविरका लागि माटो तथा मल परीक्षण प्रयोगशालाले आवश्यक रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउनुपर्नेछ ।

(४) स्थानियस्तरमा कृपकहरुलाई माटो व्यवस्थापन तालिमसँग आवद्ध गरी माटो परिक्षण शिविर संचालन गर्नु पर्ने छ ।

(५) माटो परीक्षण शिविर संचालन गर्न देहाय अनुसारको दुई वटा तरिकाहरु अपनाउन सकिनेछ ।

(क) **मोवाइल भ्यान घुम्ती शिविरः-** यस तरिकामा माटो तथा मल परिक्षण प्रयोगशालाहरुमा रहेको मोवाइल भ्यानको प्रयोग गरी मोवाइल भ्यान पुग्न सक्ने सडक संजाल भएको स्थानमा शिविर संचालन गरिनेछ ।

(ख) **किटबक्स माटो शिविरः-** यस तरिकामा माटो तथा मल परीक्षण प्रयोगशालाको सहयोग तथा समन्वयमा कृषि ज्ञान केन्द्रका प्राविधिकहरुवाट किटबक्सको सहयताले सडक संजालको व्यवस्था भए वा नभएका स्थानमा किटबक्स माटो शिविर संचालन गरिनेछ ।

(६) माटो शिविर प्राविधिक मापदण्ड

(क) माटो परीक्षण शिविर संचालन २ दिन

(ख) पहिलो र दोश्रो दिन माटो परिक्षण (१०० वटा नमूना)

(ग) दोश्रो तेस्रो दिन माटो परिक्षण शिविर अन्तरकृया

प्रमुख सचिव



सचिव

(७) स्थानिय तहले माटो शिविर संचालन गर्न चाहेमा माटो तथा मल परीक्षण प्रयोगशालासँग समन्वय गरी गर्न सकिनेछ ।

(८) माटो शिविर संलग्न प्रतिवेदन अनुसार शिविरमा माटो जाँच गराउने सवै किसानहरुलाई अनुदानमा कृषि चुन वितरणको जिम्मेवारी कृषि ज्ञान केन्द्रको हुनेछ । यसका लागि कृषि ज्ञानकेन्द्रले उपलब्ध वजेट सिमा, सिफारिस $P^H$ मानलाई मध्यनजर गर्दै कृषि चुन वितरण कार्यक्रमका आधार तय गरी कार्यक्रम कार्यन्वयन गर्न सक्नेछ ।

६. माटो शिविर संचालनको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।

(१) माटो शिविर संचालन गर्दा देहाय अनुसार दुवै प्रकारका माटो शिविरहरुमा प्रति शिविर अधिकतम रु. एक लाख रुपैँया सम्म खर्च गर्न सकिनेछ ।

(क) मोवाईल भ्यान घुम्ती शिविर संचालनः

| क.सं. | कार्यक्रम/क्रियाकलाप विवरण | जम्मा |
|---|---|---|
| १ | रसायन खरिद तथा तयारी (रि-एजेन्ट ५० नमूनाको लागि) | १५,०००/- |
| २ | ईन्धन खर्च | १०,०००/ |
| ३ | प्रतिवेदन तयार | १,०००/ |
| ४ | प्राविधिक दैनिक भ्रमण खर्च (सवारी चालक सहित ५ जना सम्मलाई अधिकतम ५ दिन) | भ्रमण खर्च नियामावली, २०६४ अनुसार |
| ५ | व्यवस्थापन खर्च (व्यानर,चिया खाजा,स्टेशनरी आदी) एकमुष्ठ | २०००/ |
| ६ | ८५ प्रतिशत अनुदानमा कृषि चुन खरिद, ढुवानी तथा वितरण (अधिकतम रकम) | उपलब्ध बजेट परिधि भित्र मागमा आधारित |

(ख) किटबक्स बाट माटो परिक्षण शिविर संचालनः-

| क.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | रि-एजेन्ट (माटो परिक्षण केमिकल्स) सेट एक | १०,०००/ |
| २ | प्रतिवेदन तयार | १,०००/ |
| ३ | प्राविधिक दैनिक भ्रमण खर्च (३ जना सम्मलाई अधिकतम ५ दिन) | भ्रमण खर्च नियामावली, २०६४ अनुसार |
| ४ | व्यवस्थापन खर्च (व्यानर,चिया खाजा,स्टेशनरी आदि) एकमुण्ट | २,०००/ |
| ५ | मागका आधारमा ८५ प्रतिशत अनुदानमा कृषि चुन खरिद, ढुवानी तथा वितरण | उपलब्ध वजेट परिधि भित्र मागमा आधारित |



सचिव

प्रमुख सचिव

७. माटो शिविर संचालन प्रतिवेदनः-

(१) माटो शिविर संचालन गर्दा प्राप्त भएका माटोको नमूनाको नाम, ठेगाना तथा माटो जाँचको

(२) परिणाम, सिफारिस सहित संलग्न प्रतिवेदन तयार गरी कृषि ज्ञान केन्द्र र माटो तथा मल परीक्षण प्रयोगशालामा राख्नु पर्नेछ ।

(३) माटो तथा मल परिक्षण प्रयोगशालाले एउटा आर्थिक वर्षमा माटो शिविर संचालन गरेका स्थानहरुमा अर्को आर्थिक वर्षमा माटोको केही नमूना लिई माटोको सुधार अवस्था अध्ययन गर्ने कार्यहरु सालवसाली रुपमा प्रस्ताव गरी संचालनमा ल्याउनु पर्नेछ ।

## परिच्छेद –३
## आर्थिक प्रशासन, अनुगमन तथा विविध

८. अनुगमन तथा मूल्यांकनः

(१) निर्देशनालय वा ज्ञान केन्द्रले सम्बन्धित स्थानिय तह र मन्त्रालयको सहयोग तथा समन्वयमा यस कार्यविधि अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

९. प्रगति प्रतिवेदन पठाउनु पर्ने :

(१) कृषि ज्ञान केन्द्रले कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा कृषि विकास निर्देशनालय तथा वाली संरक्षण प्रयोगशालामा पेश गर्नु पर्नेछ । चौमासिक रुपमा प्रदेशभर जाँच भएको माटोको विवरण माटो तथा मल परीक्षण प्रयोगशालाले कृषि विकास निर्देशनालयमा पठाउनु पर्नेछ ।

(२) कृषि विकास निर्देशनालयले वार्षिक रुपमा माटो शिविर संचालन विवरण भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०. आर्थिक प्रशासन सेवा

(१) कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

सचिव

प्रमुख सचिव

११. प्रचलित कानून लागु हुने

(१) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१२. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

सचिव

प्रमुख

प्रदेश सरकार मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल